संघीय लोकतान्त्रिक गणतन्त्रप्रति समर्पित

# मुलुकी

राष्ट्रिय दैनिक

माझखर्क साप्ताहिकको सह-प्रकाशन

**होटल बिक्रिमा**

गाईघाटको मुख्य चोकदेखि पुरानोगाइघाट चोकको उतर तर्फ पिसजोन बोडिङ जाने बाटोको मुख्य सडकको मुखैको बलम्पाकी रेष्टुरेन्ट बिक्रिमा। इच्छुकले सम्पर्क गर्नुहोला। सम्पर्क -९८४२९९४३३०

■ बर्ष-१५, ▸▸ अंक ४०२ भदौ १४ सोमबार,२०७८, August- 30 Monday 2021 ,यलेदुङ किरात सम्बत) ५०८१, उ.जि.प्र.का.द.नं. १४/०६२/६३ ■ पृष्ठ -४ ▸▸ मूल्य रु. १०/- www.majhkharka.com

## जेष्ठ नागरिकलाई दोस्रो डोज खोप आयो

❖ वेदकुमारी राई

*उदयपुर, भदौ १३*

झण्डै ७ महिनाअघि कोविडविरुद्धको पहिलो डोज खोप लगाएका जेष्ठ नागरिक्लाई दिइने दोस्रो खोप उदयपुर आईपुगेको छ । भारतीय कम्पनीको कोविशिल खोप पहिलो डोजको रुपमा हानेका जेष्ठ नगारिकका लागि दिनुपर्ने दोस्रो डोज खोप भारतले नदिएपछि ७ महिनादेखि हान्न नपाएकाका लागि आईतबार खोप गाईघाट आईपुगेको हो ।



जेष्ठ नागरिकका लागि छिमेकी मुलुक भुटान र जापानले दिएको एस्ट्राजेनिका खोप आईपुगेको स्वास्थ्य कार्यालय उदयपुरले जनाएको छ । खोप सुपरभाईजर चिरन्जिवी निरौलाले गत माघ अन्तिम र फागुन पहिलो साता पहिलो डोज लगाएका जेष्ठ नागरिकका लागि १३ हजार डोज खोप आईतबार आईपुगेको बताए । उनका अनुसार खोप बितरण गर्नका लागि सोमबार विहान ८:०० बजे जिल्ला प्रशासन कार्यालय उदयपुरमा बैठक बस्ने तयारी भएको छ ।

'लामो समयपछि दोस्रो डोजका लागि खोप आईपुगेको छ' निरौलाले भने 'बितरण गर्ने व्यवस्थापनका लागि भोलि विहान ८:०० बजे सिडिओ कार्यालयमा बैठक बोलाइएको छ, बैठकले निर्णय गरेर सबै स्थनीयतहलाई वितरण गरेपछि लगाउन थालिने छ ।' उनका अनुसार बैठकले भ्याए सोमबार नै नत्र मंगलबा विहानदेखि खोप लगाउने निर्णय गर्ने संभावना छ ।

कोविसिल खोप लगाएका उदयपुरका १२ हजार हाराहारी जेष्ठ नागरिक दोस्रो डोजको खोप हान्नबाट वञ्चित भएका छन् । भारतले सुरुमा निशूल्क दिएको खोप लगाएपछि दोस्रो डोजका लागि खरिद प्रक्रिया अनुसार सरकारले रकम भुक्तानी दिएको ६ महिनासम्म नदिएपछि बिकल्पमा कोविसिलको ठाउँमा एस्ट्राजेनिका दिन लागिएको हो । रकम भुक्तानी लिए पनि खोप नदिएर भारतले बदमासी गरेपछि नेपाल सरकारले अन्य देशसँग आग्रह गरेको थियो । जस अनुसार भुटान र जापानले निशूल्क खोप उपलब्ध गराएका हुन् ।

पहिलो पटक आएको कोविसिल खोप कोविडविरुद्ध अग्रमोर्चामा खट्ने स्वास्थ्यकर्मी, पत्रकार, सुरक्षाकर्मी र ६५ वर्षमाथिका *-बाकी २ पेजमा*

## सप्तकोसी फुट्यो, बेलकाका ४ वडा जोखिममा

❖ मुलुकी संवाददाता

*उदयपुर, भदौ १३*

केही दिनयताको लगातार वर्षाका कारण सप्तकोसीमा आएको उच्च बाढीले नदी फुटेर उदयपुरतर्फ क्षति गर्ने उच्च जोखिम बढेको छ । कोसीको बाढीको भँगालो उदयपुरतर्फ आउँदा जिल्लाको बेलाका नगरपालिका ८ लाहुरे खोलास्थित नदी फुटेर गाउँ पसेपछि बेलकाका ४ वडाबासी र सप्तरीका केही स्थानीयतहलाईसमेत क्षति गर्ने जोखिम बढेको हो ।

नदी फुटेर धार परिवर्तन गरेपछि बेलका नगर पालिकाका वडा नं २, ३, ८ ९ मा ठूलो जनधनको क्षति गर्ने संभावना भएको भन्दै स्थानीयले जिल्ला बिपत व्यवस्थापन समिति र प्रहरी प्रशासन गुहारेका छन् । स्थानीयले गुहार मागेपछि जिल्ला बिपत व्यवस्थापन समितिको बैठक आईतबारै बसेर आवश्यक चाँजोपाँजो मिलाउने निर्णय गर ेको छ ।

निमित्त प्रमुख जिल्ला अधिकारी विनोदकुमार पोखरेलको अध्यक्षातामा, सुरक्षा निकाय प्रमुखहरु, जनप्रतिनिधि र सरोकार वाला निकायका प्रमुख र प्रतिनिधिहरुको सहभागितामा बसेको बैठकले आवश्यक सुरक्षा सतर्कता अपनाउदैं तत्काल कटानबाट बँच्ने उपाय अवलम्बन गर्ने निर्णय भएको जनाइएको छ । जस अनुसार कोसी फुटेको ठाउँमा तत्काल बाँध बाँध्नका लागि आवश्यक तयारी थाल्ने, भएका -स्रोतसाधनको- *बाकी २ पेजमा*

## ८ वर्षदेखि आमा बुवा बेपत्ता, छोरा छोरीको भविष्य अन्धकार

❖ वेदकुमारी राई

*कटारी, भदौ १३*

जिल्लाको कटारी नगरपालिका ११ बाँसबारीमा जन्मेकी रोश्नी अरुनिमा राई अहिले १५ वर्षकी भईन् । बुवा राजेन्द्र राई र आमा भिमकुमारीको कोखबाट जन्मेकी उनका दाजु अर्जुन १६ वर्षका छन् ।

उनीहरुका आमा बुवा ८ वर्षअगाडि नै बेपत्ता भएकाले अर्जुन र अरुनीमा अहिले टुहुरा भएका छन् । बेसाहारा भएका उनीहरु हाल आफन्तको घरमा बस्दै आएका छन् । आफन्तकै घरमा बसेर भए पनि अरुनिमाले अध्ययनक्षेत्रमा राम्रो नतिजा ल्याउने गरेकी छिन्। दाजु अर्जुनले पढाईसँगै ग्यारेजको काम सिक्दैछन् ।



बहिनी-अरुनिमा राई | दाजु-अर्जुन राई

अहिले अरुनिमा माध्यामिक विद्यालय मरुवा विद्यालयमा कक्षा ९ मा अध्यनरत छिन् भने अर्जुन ११ मा पढ्छन्। उनको विद्यालयमा १५ जना शिक्षक छन् भने कक्षामा ४९ जना विद्यार्थी अध्ययन गर्छन् । अरुनिमा भविष्यमा नर्स बनेर बिरामीको सेवा गर्न चाहन्छिन् तर उनको आर्थिक स्थिति कमजोर छ । अहिले आफन्तको घरमा बसेर पढिरहेकी अरुनिमालाई अध्ययनमा समस्या आउने देखिएको छ । आमाले दोस्रो विवाह गरेको र बुवाको अहिलेसम्म सम्पर्कमा नरहेको कारण अरुनिमा र उनका दाजुको भविष्य अन्धकार छ ।




यहा सुपथ मुल्यमा स्वदेशी तथा बिदेशी ब्राण्डका लेडिज तथा जेन्सका जुत्ता, चप्पलहरु होलसेल मुल्यमा सप्लाई गरिन्छ। साथै विभिन्न स्कुल तथा कलेजको जुत्ताहरु समेत उपलब्ध गराईन्छ। उदयपुर तथा छिमेकी जिल्लाहरुमा होलसेलमा बिक्री सप्लाई गरिन्छ।
न्यु हलेसी फुटवेयर सप्लार्यस। त्रिनपा ११ गाईघाट, उदयपुर।
प्रोपाइटर - सुमन कटुवाल। सम्पर्क ९८५१११०१६८।

## बिच्....

हातपारेसँगै जारी प्रतियोगितामा सबैभन्दा बढी गोल गर्ने टोली बनेको छ । यस खेलको गोल संख्या गणना गर्दासमेत स्वीजरल्याण्डले कुल ४४ गोल गरेको छ । अचम्मको कुरा त प्रतियोगितामा सबै्भन्दा बढी १० गोल गर्ने स्वीजरल्याण्डका डेजन स्टानकोभिचले आईतबारको खेलमा एक गोल नगरेपनि टोली तेस्रो स्थान ओघट्न सफल भयो । आईतबार नै अबेर राति जापान र रुस फुटबल युनियनले फाइनलको लागि प्रतिस्पर्धा गर्दैछ ।

यद्यपि यो समाचार तयार पार्दासम्म उक्त फाइनल खेल भर्खर सुरु भएकोले यसको नतिजा आइहालेको छैन । विश्व एन्टी डोपिङ एजेन्सीका प्रतिबन्धका कारण आयोजक रुसले प्रतियोगितामा भाग लिनु पाएपनि रुसको नाम, राष्ट्रिय गीत र झण्डा प्रयोग गर्नु पाउने छैन । त्यसैले रुसले रुस फुटबल युनियनको नाममा प्रतिस्पर्धा गरिरहेको छ । यता घरेलु फुटबलको कुरा गर्दा अखिल नेपाल फुटबल संघ (एन्फा) ले आयोजना गरेको सी डिभिजन छनौट खेलमा आईतबार आरसी ३२ एकेडेमी दोस्रो चरण पुग्न सफल भएको छ ।

बनेपा ब्वाइज क्लबलाई १-० ले पराजित गर्दै समुह सी को विजेताको हैसियतमा आरसी ३२ पहिलो चरण पार गर्न सफल भयो । दोस्रो चरणमा भने नकआउटका आधारमा खेल हुनेछ । आरसी ३२ लाई जिताउन म्यान अफ द म्याच बबिन बोहराले ८५ औं मिनेटमा गोल गरेका थिए । समुहको पहिलो खेलमा भर्सिटी फुटबल क्लबलाई ८-० ले हराउँदा बोहराले ह्याट्रिक गरेका थिए । जारी छनौट प्रतियोगितामा कुल चार गोलसहित उनी गोलकर्ताको शिर्षास्थानमा छन् । अब आरसी ३२ सँग पराजित भएका भर्सिटी र बनेपा ब्वाइजबचीच समुहको अन्तिम खेल औपचारिक मात्र भएको छ । किनकि एक समुहबाट एक क्लबमात्र अघिल्लो चरण पुग्दछ ।

आईतबार नै भएको अर्को खेलमा लिखु भुजी रामेछाप युथ क्लब पनि १-० कै जीत हातपार्न सफल भयो । ५६ औं मिनेटमा म्यान अफ द म्याच मिलन श्रेष्ठले गरेको एकमात्र गोलले लिखु समुह डी मा मेहल कुना क्लब सुर्खेतलाई पराजित गर्न सफल भयो । यसअघि पश्चिम काठमाडौंसँग २-२ को बराबरी खेलेको मेहल कुना छनौटबाट बाहिरिएको छ ।

## सप्तकोसी....

उपयोग गर्ने, स्थानीयलाई सुरक्षित ठाउँमा स्थानान्तरणको व्यवस्था मिलाउने, जनधनको सुरक्षा गर्न आवश्यक प्रवन्ध मिलाउने निर्णय बैठकले गरेको छ ।

फुटेर धार परिवर्तन गरेको ठाउँमा लगभग ३ सय मिटर लामो बाँध निर्माणका लागि डिभिजन सिंचाई कार्यालयले प्राविधिक सहयोग गर्ने, जसमा नगरपालिकाले तत्काल काम थाल्ने, अस्थायी रोकथामका लागि बालुवाको बोराको बाँध बाँध्न सिंचाईले ८ हजार थान बोरा र ५० थान तारजाली नगरपालिकालाई उपलब्ध गराउने निर्णय भएको छ ।

त्यसैगरी कटान रक्षति तथा संभावित खतराको विषयमा तत्काल जानकारी गराउन सञ्चार माध्यामको प्रयोग गर्ने, कटानबाट बँच्न र बँचाउन सुरक्षा निकायले सतर्कता अपनाएर जनशक्ति खटाउने निर्णय भएको छ । त्यसैगरी बिपतमा परेका स्थानीयबासीलाई आवश्यक राहत व्यवस्था गर्न सबै सरोकारवाला निकायहरुले पहल गर्ने सहमति भएको छ ।

## जेष्ठ....

जेष्ठ नागरिकलाई लक्षित गरी दिइएको थियो । त्यसपछि आएको चीनीया कम्पनीको भेरोसिल ६० वर्षमाथि तथा ५५ वर्षमाथिकालाई लक्षित गरेर दिइएको थियो। जुन दुवै डोज दिइसकिएको छ ।

त्यसपछि आएको एक डोज हान्दा हुने अमेरिकन कम्पनीको जोन्सन एण्ड जोन्सन खोपसमेत ५० वर्षमाथिकालाई लगाईसकिएको छ । हालसम्म उदयपुरमा ६७ हजारलाई खोप दिइसकिएको भए पनि सुरुमा खोप लिने १२ हजार जेष्ठ नागरिकले नपाएको दोस्रो डोज पनि अब पाउने सुपरभाईजर निरौलाले बताए ।








| | |
|---|---|
| चिकेन म:म:.............. | १०० |
| चिकेन फ्राई म:म: ...... | .१२० |
| चिकेन सी म:म:............ | १५० |
| चिकेन चाउमिन ......... | ..१५० |
| अण्डा चाउमिन............ | ..१०० |
| भेज चाउमिन.............. | ७० |
| भटमास चिउरा सादेको.. | .६० |
| चिकेन रोष्ट................. | ९० |
| चिकेन रोष्ट खाजा सेट.. | १५० |
| चिकेन सादेको.............. | ३०० |
| चिकेन चिल्लि ............... | ३०० |
| चिकेन पकौडा................ | ३०० |
| चिकेन फ्राई.................. | ..२०० |
| भेज पकौडा.................. | १०० |
| मटन पक्कु.................... | ४०० |
| पक्कु खाजा सेट ........... | ४३० |
| मटन भुटन.................. | ३०० |
| मटन भुटन खाजा सेट.... | ३३० |
| कोल्ड्रिंस पर ग्लास........ | .५० |
| हुक्का पर फेस............... | ३०० |




बिक्रेता - अर्जुन तिम्सिना
सम्पर्क मो. - ९८१९३३२३३२
स्थान - गाईघाट, उदयपुर, पूर्णपुष्ट मिडिया हाउसको पुर्वपटी रहेको मन्दिरको पुलको दक्षिण ।

# सानुमाया फर्निचर उद्योग




सानुमाया फर्निचर उद्योग
त्रियुगा नगरपालिका ११, गाईघाट, उदयपुर। सम्पर्क - ९८११७५०८४४

# बिच् सकर विश्वकपमा स्वीजरल्याण्ड तेस्रो

❖ बिबेक राई

*उदयपुर, भदौ १३*

रुसमा भएको ११ औं बिच् सकर विश्वकपमा स्वीजरल्याण्ड तेस्रो स्थान हाँसिल गर्न सफल भएको छ। समुद्र तट अर्थात बालुवामाथि बगरमा खेलिने फुटबलको विश्वकप रुसमा सम्पन्न भएको छ। आईतबार राति तेस्रो स्थानको लागि भएको खेलमा निकै नै प्रतिस्पर्धात्मक ढंगले सेनेगललाई ९-७ ले पराजित गर्दै स्वीजरल्याण्ड तेस्रो स्थान ओघट्न सफल भयो। साधारण फुटबलभन्दा खालि खुट्टा खेलिने बिच् सकर फुटबलमा धेरै गोलहरु निस्किने गर्दछ।

त्यसैको परिणामस्वरुप स्वीजरल्याण्ड र सेनेगलको खेलमा पनि धेरै गोलहरु निस्किए तर जारी प्रतियोगितामा योभन्दा धेरै गोल भएको तथा योभन्दा धेरै गोलअन्तरको नतिजा निस्किसकेको छ। आईतबारको खेलमा तीनपटकको अग्रता

> *त्यसैको परिणामस्वरुप स्वीजरल्याण्ड र सेनेगलको खेलमा पनि धेरै गोलहरु निस्किए तर जारी प्रतियोगितामा योभन्दा धेरै गोल भएको तथा योभन्दा धेरै गोलअन्तरको नतिजा निस्किसकेको छ। आईतबारको खेलमा तीनपटकको अग्रता जोगाउनु नसक्नु अनि अन्तिम समयमा एक खेलाडीले रातो कार्ड पाउनु सेनेगललाई घाटा साबित भयो। चौथो मिनेटमा मामाडो सिल्लाले गोल गर्दै सेनेगललाई अग्रता दिएका थिए। पहिलो गोलको अग्रतापछि खेलको बीचमा सेनेगल ३-१ र ५-३ गरि तीनपटक अघि थिया*

जोगाउनु नसक्नु अनि अन्तिम समयमा एक खेलाडीले रातो कार्ड पाउनु सेनेगललाई घाटा साबित भयो। चौथो मिनेटमा मामाडो सिल्लाले गोल गर्दै सेनेगललाई अग्रता दिएका थिए। पहिलो गोलको अग्रतापछि खेलको बीचमा सेनेगल ३-१ र ५-३ गरि तीनपटक अघि थियो।

तर खेलको अन्त्य आउँदासम्म सेनेगल अग्रता गुमाउँदै अन्ततः ९-७ ले पराजित हुन बाध्य भयो। अझ अन्तिमको गोल त सेनेगलले पेनाल्टीमार्फत खाएको थियो। खेलको अन्तिम समयतिर सेनेगलका ममोर डिग्नेले रातो कार्ड पाएका थिए। पराजित भएपनि यहाँसम्मको यात्रा सेनेगलको लागि ऐतिहाँसिक थियो। यसअघि २०१९ को गत संस्करणमा क्वाटरफाइनलसम्मको यात्रा नै सेनेगलको ठुलो उपलब्धि थियो। यसपटक भने सेनेगल सेमिफाइनलसम्म आएर चौथो स्थान पाउन सफल भयो। स्वीजरल्याण्डले तेस्रो स्थानको लागि जीत *बाकी ३ पेजमा–*

## मुलुकी दैनिकको जरुरी सुचना

मुलुकी दैनिक पत्रिकाको पाठकहरुको लागि अत्यन्तै जरुरी सुचना। तपाईहरुले २०७८ साल वैशाख ८ गतेदेखिको पत्रिकाको ग्राहक शुल्क पैसा तिर्न बाँकी रहेकोले ९८४२९८५१८८ मा सम्पर्क गरिदिनुहोला।












माझखर्क साप्ताहिकको सह-प्रकाशन
मुलुकी दैनिक

प्रकाशक : महेश्वर चामलिङ, सम्पादक : बुद्धिकुमार राई
प्रबन्ध निर्देशक : दिनेश चामलिङ कानुनी सल्लाहकार : अधिवक्ता कृष्ण बस्नेत,
कार्यालय– त्रियुगा नगरपालिका -११, गाईघाट उदयपुर, प्रदेश नमबर १, फोनः– ९८४२९८५१८८, ९८०३७२७८८०,
Email: mulukinews@gmail.com/rodung@gmail.com
wesite: www.majhkharka.com
मुद्रण : लक्ष्मी अफसेटप्रेस, गाईघाट